# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
Kaski, Nepal


चलानी नं.:/Ref. No. मितिः २०७८।११।०२

**स्नातक तह छात्रवृत्ति छनौंट परीक्षा विज्ञान तथा प्रविधि संकाय समूह (क), व्यवस्थापन संकाय र मानविकी तथा सामाजिक शास्त्र संकाय School Sector-Public को Revised Merit List प्रकाशित सम्बन्धि सूचना साथै विज्ञान तथा प्रविधि संकाय समूह (क), विज्ञान तथा प्रविधि संकाय समूह (ख), व्यवस्थापन संकाय र मानविकी सामाजिक शास्त्र संकाय School Sector-Public Merit मा समावेश भएका उम्मेदवारहरुका लागी मात्र अनलाइनबाट अनुसूचि-४ को फाराम भर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना !**

पोखरा विश्वविद्यालय स्नातक तह छात्रवृत्ति छनौंट समिति, २०७८ बाट मिति २०७८।१०।२७ गते प्रकाशित विज्ञान तथा प्रविधि संकाय समूह (**क**), व्यवस्थापन संकाय र मानविकी तथा सामाजिक शास्त्र संकायको School Sector-**Public** Merit लाई मिति २०७८।१०।२९ गतेसम्म प्राप्त हुन आएका निवेदनहरुको आधारमा संलग्न बमोजिमको **Revised Merit List** प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

मिति २०७८।११।०२ गते प्रकाशित विज्ञान तथा प्रविधि संकाय समूह (**क**), विज्ञान तथा प्रविधि संकाय समूह (**ख**), व्यवस्थापन संकाय र मानविकी तथा सामाजिक शास्त्र संकायको School Sector-**Public Revised Merit** मा नाम समावेश भएका संलग्न बमोजिमका उम्मेदवारहरुलाई मात्र अध्ययनका लागी प्रत्येक संकायबाट बढीमा ३ वटा कार्यक्रम र १ वटा कार्यक्रमको लागी ३ वटा शैक्षिक संस्था छनौंट गर्न अनलाइन मार्फत अनुसूचि-४ को फाराम भर्न दिने निर्णय भएकोले सम्बन्धित उम्मेदवारहरुले अनलाइन फाराम भर्दा तल स्पष्ट गरिएका बुँदाहरुलाई ध्यान दिइ अनुसूचि-४ को कार्यक्रम र शैक्षिक संस्था छनौंट गर्न सम्बन्धित सबैको जानकारीको लागि सुसूचित गरिन्छ ।

**यस सम्बन्धमा निम्न विषयहरु स्पष्ट पारिएको छ ।**

क) उम्मेदवारहरुले सर्बप्रथम आफ्नो Gmail Id प्रयोगगरी Dashboard खोल्ने ।

ख) Dashboard मा Apply Anusuchi मा गइ Entrance Exam मा भएको आफ्नो रोल नम्बरलाई कपी गरी ल्याएर Apply Anusuchi मा Paste गर्ने ।

ग) Open भएको Apply Anusuchi मा उम्मेदवारहरुले आफु कुन संकायको मेरिटमा हो त्यसै अनुरुप प्राथमिकताको आधारमा बढीमा ३ वटासम्म अध्ययन गर्ने कार्यक्रम र १ वटा कार्यक्रमको लागि प्राथमिकताको आधारमा वढीमा ३ वटासम्म शैक्षिक संस्था छनौंट गर्ने ।

घ) उम्मेदवारहरुले अनुसूचि-४ को अनलाइन फाराम भर्दा कार्यक्रम नछानी शैक्षिक संस्था मात्र छानेको रहेछ भने सफ्टवेयरमा त्यस्तो विवरण सेभ हुर्दैन ।

ङ) उम्मेदवारहरुले अनुसूचि-४ को अनलाइन फाराम भर्दा कुन संकायमा कुन कुन कार्यक्रम छ र उक्त कार्यक्रम कुन कुन शैक्षिक संस्थाहरुमा अध्ययन गराइन्छ भन्ने जानकारी राम्रसँग लिनुपर्दछ । यसको लागी समितिले कार्यक्रम, शैक्षिक संस्था र कोटा सम्बन्धी सम्पूर्ण विवरण वेभसाइटमा राखेको छ ।

च) उम्मेदवारहरुलाई कार्यक्रम र शैक्षिक संस्था छनौंट गर्ने अनुसूचि-४ को अनलाइन फाराम मिति २०७८।११।०२ गतेदेखि मिति २०७८।११।०८ गते आइतबारसम्म भर्न व्यवस्था गरिएको छ ।

प्रकाशित गरिएको सूचना र सम्पूर्ण विवरण विश्वविद्यालयको वेबसाइट www.pu.edu.np र छात्रवृत्ति शाखाको https://scholarship.pu.edu.np मा समेत समावेश गरिएको हुदा दिएको Link मा गइ विवरण हेरी जानकारी लिन सकिने कुरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

.....................
रोशन पाण्डे
सदस्य-सचिव
स्नातक तह छात्रवृत्ति छनौंट समिति, २०७८


P.O. Box: 427, Pokhara Metropolitan City-30, Lekhnath, Kaski, Nepal. E-mail:info@pu.edu.np
URL: https://pu.edu.np, Tel.:+977-61-504046/504039